संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -३४
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल असार २५ गते मंगलबार

प्रतिनिधि सभाको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:०५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले पछिल्लो केहि दिनदेखिको लागातार वर्षाको कारण आएको बाढीका कारण कञ्चनपुर जिल्लाको पुर्नबास नगरपालिकाको रातोखोलीमा डुवेर ३ जना बालिकाको मृत्यु भएको, कञ्चनपुरकै कृष्णपुरमा घर डुवानमा परी ७ महिने नावालकको मृत्यु भएको, एकजना अझै वेपत्ता अवस्थामा रहेको साथै पहिचान खुल्न नसकेको एकजनाको शव फेला परेको, बाढी पहिरोबाट प्रभावितहरुको पुनर्स्थापना गराउने सम्बन्धमा सरकारसँग कुनै योजना नरहेको, प्राकृतिक प्रकोपको पूर्वानुमानको सूचना सम्प्रेषण प्रभावकारी नभएको, सर्लाही जिल्लाका विभिन्न नदीहरुमा बढेका जल प्रवाहले चुरे एवम् तराईका क्षेत्रहरुमा जन जीवन प्रभावित भएको, वैदेशिक रोजगारीको लागि साउदी गएका धनुषा जिल्लाका एकजना व्यक्तिको शव नेपाल ल्याउन तत्काल पहल गर्नुपर्ने, धनुषाको सहिद नगरमा भएको आगलागीबाट जनधनको क्षती भएकोले तत्काल राहत उपलव्ध गराउनु पर्ने, रुकुम पूर्वको सिस्ने गाउँपालिकामा पहिरोमा परी सातवर्षे बालकको मृत्यु भएको, गौरी गाउँपालिकामा बाढी पहिरोको कारण नौ वटा घर बगाएको साथै एकजना वेपत्ता भएको, हेलम्बुमा रहेको क्षतीग्रस्त रातोपुल समयमै पुनर्निर्माण हुनु पर्ने, भोटेकोसी हाइड्रो पावरमा भएको दुर्घटनामा मृत्यु भएका व्यक्तिहरुको परिवार र हाइड्रो पावर बिच सम्झौता भएको वारेमा जानकारी गराउनु पर्ने, लगायतका विषयहरुमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० नारायण प्रकाश साउद
२. मा० रमेश लेखक
३. मा० रुपा सो.शी. (चौधरी)
४. मा० महिन्द्र राय यादव
५. मा० रामकृष्ण यादव
६. मा० पूर्ण बहादुर घर्ति मगर
७. मा० गंगा कार्की
८. मा० मोहन बहादुर बस्नेत

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० अच्युत प्रसाद मैनाली
२. मा० अनिता देवी
३. मा० अम्मर बहादुर रायमाझी
४. मा० अमृतलाल राजवंशी
५. मा० ईश्वरी देवी न्यौपाने
६. मा० उर्मिला माझी
७. मा० एकनाथ ढकाल
८. मा० किरण कुमार साह
९. मा० कान्तिका सेजुवाल
१०. मा० कुसुमदेवी थापा
११. मा० गोमा लाभ (सापकोटा)
१२. मा० गंगा प्रसाद यादव
१३. मा० चन्दा चौधरी
१४. मा० डा० चन्द्रकान्त भण्डारी
१५. मा० चन्द्र बहादुर विश्वकर्मा
१६. मा० छिरिङ डम्डुल लामा (भोटे)
१७. मा० छिरिङ ल्हामु लामा (तामाङ)
१८. मा० जावेदा खातुन जागा
१९. मा० जीवन परियार

तत्पश्चात् भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० डा० आरजु राणा
२. मा० ईश्वर बहादुर रिजाल
३. मा० लेखनाथ दाहाल
४. मा० हरि ढकाल
५. मा० रोसन कार्की
६. मा० मेटमणि चौधरी
७. मा० अब्दुल खांन
८. मा० रन्जु कुमारी झा
९. म० राम प्रकाश चौधरी
१०. मा० प्रेम सुवाल

११. मा० चित्र बहादुर के.सी.
१२. मा० श्याम कुमार घिमिरे
१३. मा० दयाल बहादुर शाही
१४. मा० पूर्ण बहादुर तामाङ
१५. मा० बिजुला रायमाझी

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित व्यहोराको पत्रहरु पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप यादव, माननीय वन तथा वातावरण मन्त्री नवलकिसोर साह सुडी र माननीय स्वास्थ्य तथा जनसङख्या राज्यमन्त्री हसिना खानले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले उहाँहरुले सम्हाल्दै आउनु भएको मन्त्रालयहरुको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्ने गरी जिम्मेवारी तोक्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

मिति : २०८१/०३/२४ (डिल्ली राम शर्मा)
सचिव

(ख) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | ऐन संख्या | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | ०३ | लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०८१/०३/२४ |

मिति : २०८१/०३/२४ (डिल्ली राम शर्मा)
सचिव

त्यसपछि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को तर्फबाट माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बहादुर बस्नेतले "थारु आयोगको पाँचौं वार्षिक प्रतिवेदन (२०७९ श्रावण-२०८० आषाढ)" पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले कार्यसूचीको क्रमसंख्या ३ मा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेतले "जलस्रोत विधेयक, २०८१ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल असार २७ गते बिहीबार दिनको ०४:०० बजे बस्नेगरी बैठक दिनको २:२० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव